**सर्वोच्च अदालत, संयुक्त इजलाश**

**माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह**

**माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल**

**आदेश**

**२०६९-WO-०४६६**

**विषय :-परमादेश ।**

काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गा.वि.स. वडा नं. ४ खरेलथोक बस्ने अधिवक्ता अच्युत प्रसाद खरेल ............................................................१ रिट निवेदक

विरुद्ध

न्याय परिषद्, न्याय परिषद्को कार्यालय, रामशाहपथ, काठमाडौं ..................१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको तथ्य र ठहर यस प्रकार छ ।

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका प्रजातान्त्रिक राज्य व्यवस्थाको मेरुदण्ड हो । नागरिकहरुको मौलिक हक लगायत संवैधानिक र कानूनी हकको संरक्षकको रुपमा न्यायापालिका नै रहेको हुन्छ । प्रजातान्त्रिक शासन प्रणाली भएका मुलुकमा अदालतबाट नै न्याय सम्पादन हुने गर्दछ । त्यसैले न्याय सम्पादन गर्ने अदालतका न्यायाधीशहरु स्वतन्त्र, सक्षम, योग्य र निष्पक्ष हुनु पर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को उपधारा १ मा संसदीय सुनुवाइ सम्बन्धी व्यवस्था रहेको छ । उक्त धारा १५५(१) मा यस संविधान बमोजिम संवैधानिक परिषद्को सिफारिशमा नियुक्त हुने संवैधानिक पद तथा

सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्ति पूर्व निजहरुको कानूनमा व्यवस्था भए बमोजिम संसदीय सुनुवाई हुनेछ भन्ने व्यवस्था रहेको छ ।

संसदीय सुनुवाइकै सम्बन्धमा संविधान सभा (व्यवस्थापिका-संसदको कार्य संचालन) नियमावली, २०६५ को नियम ११८ मा संसदीय सुनुवाई विशेष समितिको व्यवस्था गरिएको छ भने नियम ११९ मा सुनुवाई सम्बन्धी कार्यविधिको व्यवस्था गरिएको छ । नियम ११९ को संसदीय सुनुवाई सम्बन्धी कार्यविधिको व्यवस्थामा पनि एकचोटी संसदीय सुनुवाई सम्बन्धी प्रकृया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्ति पाएकालाई सर्वोच्च अदालतको न्यायाधीशमा स्थायी गर्दा वा अस्थायी पदमै कामकाज गर्ने गरी म्याद थप गर्दा संसदीय सुनुवाई सम्बन्धी प्रकृयालाई दोहोऱ्याउनु पर्ने भन्ने व्यवस्था रहेको छैन ।

उक्त संवैधानिक एवं कानूनी प्रावधानअनुरुप न्याय परिषद्ले एकचोटी संसदीय सुनुवाई सम्बन्धी प्रकृया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्ति भई कार्यरत रहेका न्यायाधीशलाई स्थायी गर्दा वा अस्थायी पदमै कामकाज गर्ने गरी म्याद थप गर्दा समेत संसदीय सुनुवाई सम्बन्धी प्रकृयाको लागि पुनः सिफारिश गर्ने गरी आएको छ । जुन कार्य त्रुटिपूर्ण छ । धारा १५५(१) मा सर्वोच्च अदालतको न्यायाधीशको नियुक्ति संसदीय सुनुवाई पछि मात्र गर्नुपर्छ भन्ने उल्लेख भए तापनि एकचोटी संसदीय सुनुवाई सम्बन्धी प्रकृया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त भई कार्यरत रहेका न्यायाधीशलाई स्थायी गर्दा वा अस्थायी पदमै रहने गरी पदावधि थप गर्दा संसदीय सुनुवाई सम्बन्धी प्रकृयालाई दोहोऱ्याउनु पर्छ भन्ने उल्लेख छैन । व्यवस्थापिका संसद नरहेको बर्तमान अवस्थामा सर्वोच्च अदालतको अस्थायी वा स्थायी न्यायाधीशको पदमा नियुक्तिका लागि सिफारिश हुने न्यायाधीशहरुको संसदीय सुनुवाई सम्भव नहुने भएको र सुनुवाई बिना न्यायाधीशमा नियुक्त हुन नसक्दा सर्वोच्च अदालतमा कार्यरत अधिकांश अस्थायी न्यायाधीशको पद रिक्त हुन गै न्याय सम्पादनको कार्यमा बाधा पुग्न जाने भई प्रस्तुत विषयमा सार्वजनिक सरोकारको बिषय समावेश भएकोले एकचोटी संसदीय सुनुवाई सम्बन्धी

संवैधानिक प्रकृया पूरा गरी सर्वोच्च अदालतमा कार्यरत रहेका अस्थायी न्यायाधीशहरुले न्याय सम्पादन गर्न सक्ने हुँदा संसदीय सुनुवाई बिना नै अविलम्ब ती न्यायाधीशहरुलाई स्थायी गर्नु वा अस्थायी पदमै रहेर कामकाज गर्ने गरी म्याद थप गर्नु आवश्यक छ ।

तसर्थ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को उपधारा १ मा सर्वोच्च अदालतको न्यायाधीशको नियुक्ति संसदीय सुनुवाई पछि मात्र गर्नु पर्छ भन्ने उल्लेख भए तापनि एकचोटी संसदीय सुनुवाई सम्बन्धी प्रकृया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त भई सेवामा बहाल रहेका न्यायाधीशलाई स्थायी गर्दा वा अस्थायी पदमै रहेर कामकाज गर्ने गरी म्याद थप गर्दा संसदीय सुनुवाई सम्बन्धी प्रकृयालाई दोहोऱ्याउनु पर्छ भन्ने उल्लेख नभएकोले एकचोटी संसदीय सुनुवाई सम्बन्धी प्रकृया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त भई सेवामा बहाल रहेका न्यायाधीशलाई संसदीय सुनुवाई बिना नै अविलम्ब स्थायी गर्नु वा अस्थायी पदमै रही कामकाज गर्ने गरी पदावधि थप गर्नु भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा निवेदन माग बमोजिमको आदेश जारी नहुनु पर्ने कारण भए कारण एवं आधारहरु समेत स्पष्ट गरी  महान्यायाधिवक्ताको कार्यालय मार्फत मिति २०६९/८/५ गतेभन्दा अघि पुग्ने गरी विरुद्ध खण्डमा उल्लिखित न्याय परिषद्, न्याय परिषद्को कार्यालयबाट लिखित जवाफ मगाई निवेदनको विषयवस्तुबाट प्रस्तुत विषयमा यथाशीघ्र निर्णय दिनु पर्ने देखिएको र संवैधानिक व्यवस्थाको व्याख्या समेतसँग सम्बन्धित रहेको देखिएकोले अग्राधिकार प्रदान गरी सुनुवाईको लागि मिति २०६९/८/६ को पेशी तारेख तोकी निवेदन मागको विषयवस्तु न्यायपालिका समेतसँग प्रत्यक्ष सम्बन्ध राख्ने देखिएकोले केन्द्रीय बार एशोसिएसन एवं सर्वोच्च अदालत बार एशोसिएसनबाट तीन तीन जना संवैधानिक कानूनमा दक्षताप्राप्त कानून व्यवसायीहरुलाई इजलासलाई न्याय सम्पादन गर्न सहयोग पुग्ने दृष्टिले (Amicus Curiae) सहयोगीको रुपमा उपस्थित गराई दिन हुन सम्बन्धित बार

एशोसिएसन कार्यालयहरुलाई समेत जानकारी गराई नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको आदेश ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ बमोजिम सर्वोच्च अदालतको स्थायी न्यायाधीश वा अस्थायी न्यायाधीश पदमा नियुक्ति गर्नु पूर्व धारा १५५ बमोजिम संसदीय सुनुवाई गर्न पठाई संसदीय सुनुवाई भई आएपश्चात् न्यायाधीश नियुक्ति गर्न सम्माननीय प्रधान न्यायाधीशज्यूसमक्ष सिफारिश गर्ने गरिएको, सर्वोच्च अदालतको अस्थायी न्यायाधीश नियुक्त गर्दा निश्चित अवधि (प्रायः २ बर्ष) तोकी नियुक्ति गर्नु पूर्व संसदीय सुनुवाईको लागि पनि सोही अवधिको लागि भनी पठाउने गरिएको र सो अवधिको लागि संसदीय सुनुवाई भै अनुमोदन हुने गरेको छ । साविकमा सर्वोच्च अदालतको स्थायी न्यायाधीश र अस्थायी न्यायाधीश नियुक्ति गर्दा एकपटक संसदीय सुनुवाई गरिसकेको अस्थायी न्यायाधीशबाट सो अवधि व्यतित भै निजलाई स्थायी गर्दा वा अस्थायी न्यायाधीशमा नियुक्ति गर्नु पूर्व संविधानको धारा १५५ बमोजिम संसदीय सुनुवाईको लागि पठाउने र सो भै आएपछि सर्वोच्च अदालतको स्थायी वा अस्थायी न्यायाधीशमा नियुक्त गर्ने कार्य गरिँदै आइएको छ । यसका साथै यस्तै बिषयवस्तु समावेश भएको अधिवक्ता सुबोधमान नापित विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार समेत भएको उत्प्रेषणयुक्त परमादेश (२०६४-WO-००२९) को रिट निवेदनमा संसदीय सुनुवाईका सम्बन्धमा ब्याख्या भइसकेको र व्यवस्थापिका एवं कार्यकारिणीलाई समेत विपक्षी बनाउनु पर्नेमा सो समेत नगरेकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने न्याय परिषद्को लिखित जवाफ ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदक एवं निजको तर्फबाट विद्वान अधिवक्ता बालकृष्ण न्यौपानेले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५(१) मा सर्वोच्च अदालतको स्थायी वा अस्थायी न्यायाधीशको नियुक्ति संसदीय सुनुवाइ पछिमात्र गर्नुपर्छ भन्ने उल्लेख भए तापनि एकचोटी संसदीय सुनुवाइको प्रकृया पूरा गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त भै

सेवामा बहाल रहेका न्यायाधीशलाई स्थायी गर्दा वा अस्थायी पदमै रहेर कामकाज गर्ने गरी नियुक्त गर्दा पुनः संसदीय सुनुवाइ गर्नुपर्छ भन्ने संविधानमा स्पष्ट उल्लेख छैन । यसका साथै संसदीय सुनुवाइ गर्न हाल व्यवस्थापिका संसद नरहेको र संसदीय सुनुवाइ पछि मात्र सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गर्दा हाल अस्थायी रुपमा कार्यरत न्यायाधीशहरुको पदावधि समाप्त भइ न्याय सम्पादनमा असर पुग्न जानुको साथै न्याय प्राप्त गर्ने आम नागरिकको हकमा आघात पुग्न जाने भएकोले आवश्यकताको सिद्धान्त अनुसार संसदीय सुनुवाइ बिना नै हाल सर्वोच्च अदालतको न्यायाधीश पदमा अस्थायी रुपमा कार्यरत न्यायाधीशहरुलाई अविलम्ब स्थायी गर्नु वा अस्थायी न्यायाधीशमा पुनः नियुक्त गरिपाउन परमादेशको आदेश जारी गरिपाऊँ भनी बहस गर्नुभयो ।

विपक्षी न्याय परिषद् कार्यालयको तर्फबाट विद्वान नायब महान्यायाधिवक्ता पुष्पराज कोइराला एवं विद्वान सहन्यायाधिवक्ताद्वय युवराज सुवेदी र किरण पौडेलले रिट निवेदकले उठाएको विषयवस्तु निवेदक सुबोधमान नापित भएको रिट निवेदनमा विशेष इजलासबाट समाधान भइसकेको हुनाले सोही विषयमा संयुक्त इजलासले Over Rule (विस्थापित) गर्न सक्दैन । रिट निवेदनको क्षेत्र साँघुरो भएकोले यसलाई PIL को रोहबाट हेर्न मिल्दैन । न्याय परिषद् न्यायाधीश नियुक्तिका लागि सिफारिश मात्र गर्ने निकाय भएको, संसदीय सुनुवाइ गर्ने र नियुक्ति गर्ने निकाय छुट्टाछुट्टै भएकोले ती निकायलाई विपक्षी नबनाई रिट दायर भएको छ । परिषद्को के कुन कारवाहीबाट निवेदकको कुन हक हनन् हुन गएको हो सो स्पष्ट छैन । एकपटक न्यायाधीशको पदमा अस्थायी नियुक्त भैसकेपछि त्यही व्यक्ति सदाको लागि सो पदमा बस्न पाउनु पर्छ भन्ने संविधानको मनसाय होइन । हाल सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा कार्यरत न्यायाधीशहरुको पद समाप्त भै नसकेको, न्याय परिषद्ले नियुक्तिका लागि सिफारिश गर्न सक्ने अवस्था बाँकी नै रहेको र तत्सम्बन्धमा कुनै निर्णय भैसकेको अवस्था नरहेकोले अपरिपक्व अवस्थामा आएको रिट निवेदन खारेज गरिपाऊँ भनी बहस गर्नुभयो ।

अदालतका सहयोगीको रुपमा नेपाल बार एशोसिएसनको तर्फबाट आफ्नो धारणा राख्नु हुने विद्वान बरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरु :-

**बरिष्ठ अधिवक्ता विपुलेन्द्र चक्रवर्ती :-**

अदालतका आदेश वा फैसलाबाट सबभन्दा पहिला अदालत आफै बाँधिनु पर्दछ । रिट निवेदकले प्रस्तुत रिटमा उठाएको विषयवस्तु रिट निवेदक सुबोधमान नापित भएको रिटमा विशेष इजलासबाट समाधान भैसकेकोले सो आदेश विपरीत जान मिल्दैन । के कस्ता व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिश गर्ने भनी सम्बन्धित व्यक्तिको योग्यता, सक्षमता र उपयुक्तता हेरी न्याय परिषद्ले मूल्यांकन गर्ने भएकोले मूल्यांकनकर्तालाई नै नियमित गर्ने गरी अदालतबाट आदेश प्रदान गर्न मिल्दैन । संसदीय सुनुवाइको व्यवस्था संवैधानिक व्यवस्था भएकोले त्यसको पालना हुनुपर्दछ । त्यसमा कुनै अड्चन आएमा संविधान र कानूनको दायराभित्रै रही समाधान खोजिनु पर्दछ । यसका साथै प्रस्तुत रिटमा मन्त्रिपरिषद्, संसद सचिवालय र नियुक्ति गर्ने पदाधिकारी समेत सरोकारवाला भएकोले प्रस्तुत रिटमा उठाइएको विषयवस्तु निरोपण गर्न ती निकाय समेतको धारणा बुझ्नु जरुरी भएकोले उक्त निकायहरुलाई विपक्षी नबनाई दायर भएको रिट निवेदन ग्राह्य हुन सक्दैन ।

**बरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी :-**

न्याय सम्पादनको काम के कति न्यायाधीशद्वारा हुन सक्छ, अदालतको कार्यबोझ समेतलाई हेरी न्यायाधीशको नियुक्ति आवश्यक छ छैन भन्ने कुरा न्याय परिषद्को सरोकारको कुरा हो । व्यवस्थापिका संसद विद्यमान छ वा छैन भन्ने कुरा न्याय परिषद्को सरोकारको विषय नभएकोले आवश्यक देखेमा न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीश पदमा स्थायी वा अस्थायी नियुक्तिका लागि सिफारिश गर्न कुनै बाधा नभएको, सिफारिश गरिएका व्यक्तिको २५ दिनभित्र सुनुवाई गरी अनुमोदन भई नआएमा नियुक्तिका लागि सिफारिश गर्न सकिने हुन्छ । तर संसद विद्यमान छैन भन्ने कुरा राजपत्र समेतबाट जानकारी भएको

अवस्थामा कारणसहित उपयुक्त देखेका व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिश गर्न संविधान र कानूनले बाधा पुग्दैन ।

**अधिवक्ता रमनकुमार श्रेष्ठ :-**

न्यायाधीशलाई आम नागरिकप्रति जवाफदेही बनाउन नै सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति पूर्व संसदीय सुनुवाई सम्बन्धी संवैधानिक प्रावधान रहेको हो । निश्चित अवधिको लागि नियुक्त हुन मन्जुर भै सोअनुसार सर्वोच्च अदालतका अस्थायी न्यायाधीशहरुले आफ्नो पदभार सम्हालेकोले नियुक्ति पत्रमा तोकिएको अवधि व्यतित भएपछि पदावधिलाई निरन्तरता दिइनुपर्छ भन्नलाई सिद्धान्ततः नमिल्ने भएकोले रिट निवेदन खारेजभागी छ । न्यायाधीश नियुक्तिको बिषय कार्यकारिणी अधिकार अन्तर्गत पर्ने भएको र के कस्ता व्यक्तिलाई न्यायाधीश नियुक्तिको लागि सिफारिश गर्ने भन्ने कार्यकारिणीको नीतिगत बिषय भएकोले त्यसमाथि अदालतले हस्तक्षेप गर्न मिल्दैन। कानूनका शब्द स्पष्ट छन् भने जस्ताको त्यस्तै व्याख्या गरिनु पर्छ । संविधानमा नै सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति पूर्व संसदीय सुनुवाइ हुनेछ भन्ने स्पष्ट व्यवस्था भएकोले संविधान विपरीत हुने गरी व्याख्या गर्न मिल्दैन । एउटा निश्चित अवधिको लागि उपयुक्त देखिएको व्यक्ति समयकाल क्रममा अनुपयुक्त समेत हुन सक्ने भएकोले नै न्यायाधीशको नियुक्ति पूर्व संसदीय सुनुवाईको व्यवस्था राखिएकोले त्यसको पालना हुनुपर्दछ ।

अदालतका सहयोगीको रुपमा सर्वोच्च अदालत, बार एशोसिएसनको तर्फबाट आफ्नो धारणा राख्नुहुने विद्वान वरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरु :-

**बरिष्ठ अधिवक्ता यज्ञमूर्ति बन्जाडे :-**

बर्तमान संविधानले सर्वोच्च अदालतमा स्थायी र अस्थायी न्यायाधीशको पदावधि किट्ने बाहेक न्याय सम्पादनको सिलसिलामा उनीहरु बीच कुनै विभेद नगरेकोले स्थायी न्यायाधीश सरह अस्थायी न्यायाधीशहरुको पनि एकपटकको सुनुवाई नै पर्याप्त हुन्छ । अस्थायी न्यायाधीशहरुलाई पुर्ननियुक्ति गर्दा पटक पटक संसदीय सुनुवाई गर्नुपर्छ भन्ने

व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल कानूनमा छैन । व्यवस्थापिका संसदको रिक्तताको परिकल्पना बर्तमान संविधानले नगरेको तर त्यस्तो अवस्था सृजना हुन पुगी संसदीय सुनुवाईको सम्भावना समेत नभएकोले संविधान र कानूनको मर्म र भावना विपरीत नहुने गरी अदालतले बाटो खुलाउन सक्छ । रिट निवेदनमा उठाइएको विषयवस्तु सार्वजनिक सरोकारको विषय भएकोले कुनै अमुक व्यक्तिलाई नियुक्ति गर्नु भनी परमादेशको आदेश जारी गर्न नमिल्ने भए पनि संसदीय सुनुवाइको सम्बन्धमा अदालतले बाटो खुलाउन सक्छ ।

**अधिवक्ता पूर्णमान शाक्यः-**

सर्वोच्च अदालतमा स्थायी न्यायाधीशको पद रिक्त रहेसम्म अस्थायी न्यायाधीश नियुक्तिको परिकल्पना बर्तमान संविधानले गरेको छैन । स्थायी न्यायाधीश रिक्त रहँदारहँदै अस्थायी न्यायाधीशलाई स्थायीमा नियुक्त नगर्नुको कारणले सर्वोच्च अदालतमा रिक्तताको स्थिति आएकोले त्यसको लागि न्याय परिषद् जिम्मेबार हुनु पर्छ । सर्वोच्च अदालतका न्यायाधीश र संवैधानिक निकायका पदाधिकारीको संसदीय सुनुवाइ सम्बन्धी व्यवस्था नेपालको अन्तरिम संविधानको धारा १५५ मा राखिएको हुनाले अन्य निकायका पदाधिकारीको सुनुवाई अनिवार्य भएजस्तै सर्वोच्च अदालतका न्यायाधीशको पनि नियुक्ति पूर्व सुनुवाईको व्यवस्था अनिवार्य छ । न्याय परिषद्ले आफ्नो सुझबुझ प्रयोग गरी के कस्ता व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिश गर्न उपयुक्त छ भनी आफ्नो विवेक प्रयोग गर्न सक्ने भएकोले कुनै अमुक व्यक्तिलाई नियुक्तिको लागि सिफारिश गर भनी परमादेशको आदेश जारी गर्न मिल्दैन । यसको अलावा न्याय परिषद्ले न्यायाधीश नियुक्तिको लागि सिफारिश आदि बारे कुनै निर्णय नै नगरेकोले अपरिपक्व अवस्थामा आएको रिट निवेदनमा अदालतले Prior Ruling गर्न मिल्दैन । आवश्यकताको सिद्धान्त अन्तिम अवस्थामा प्रयोग गरिने हतियार भएको र हाल सर्वोच्च अदालतमा बहाल रहेका अस्थायी न्यायाधीशहरु कारणबस पदमुक्त भए पनि प्रधान न्यायाधीश सहितका ६ जना स्थायी न्यायाधीशहरु कायमै रहेकोले न्यायको बाटो अवरुद्ध भैहाल्ने स्थिति छैन । तसर्थ सुबोधामान नापितको रिट

निवेदनमा विशेष इजलासले स्थापित गरेको सुनुवाइ सम्बन्धी मान्यतालाई संयुक्त इजलासले उल्लंघन गर्न नसक्ने भएकोले रिट निवेदन ग्राह्य छैन ।

**अधिवक्ता गोविन्द शर्मा बन्दी :-**

सर्वोच्च अदालतका अस्थायी न्यायाधीशहरु करारको रुपमा नियुक्त हुने भएकोले एकपटक अस्थायी न्यायाधीशमा नियुक्त भै सकेपछि त्यो न्यायाधीश स्थायी भैहाल्छ भन्ने परिकल्पना बर्तमान संविधानले गरेको छैन । रिट निवेदकको माग ताजा नियुक्ति होस भन्ने नभइ अमुक अस्थायी न्यायाधीशको नियुक्ति होस् भन्ने रहेकोले रिट निवेदनलाई सार्वजनिक सरोकारको विषयको रुपमा हेरिनु हुँदैन । अदालतमा मौजुद न्यायाधीश पर्याप्त छन् छैनन्, न्याय सम्पादनमा केही अवरोध भए सो फुकाउन के कस्तो व्यवस्था अवलम्बन गर्न आवश्यक छ आदिका बारेमा विचार विमर्श गर्ने पूर्ण अधिकार न्याय परिषद्मा रहेकोले उक्त अधिकारमा अदालतले हस्तक्षेप गर्न मिल्दैन । अदालतले आदेश गर्दा सापेक्षताको सिद्धान्त समेतलाई ध्यान दिन जरुरी भएकोले संवैधानिक निकाय लगायत राज्यका अन्य निकायमा पदाधिकारी रिक्त भै राज्य संयन्त्र नै बेकम्मा हुन लागेको बर्तमान अवस्थामा त्यसको सम्पूर्ण जिम्मेबारी राजनीतिक दलहरुले नै लिने भएकोले न्यायाधीश नियुक्तिको विषयमा मात्र अदालत चिन्तित हुन जरुरी छैन । हाल अस्थायी न्यायाधीशमा कार्यरत न्यायाधीशहरुलाई स्थायी वा अस्थायी न्यायाधीशमा नियुक्त गर भनी आदेश जारी गर्न समानताको सिद्धान्त र अविभेदको सिद्धान्त समेतको विपरीत हुने हुँदा संकुचित रिटबाट उपचार दिन नमिल्ने विचार व्यक्त गर्नुभयो ।

दुबै पक्षका कानून व्यवसायीहरुको बहस एवं अदालतका सहयोगी नेपाल बार एशोसिएसन एवं सर्वोच्च अदालत बार एसोसिएसनबाट उपस्थित कानून व्यवसायीहरुको राय एवं सुझाव सुनी मिसील अध्ययन गरी आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा निर्णयतर्फ विचार गर्दा एकपटक संसदीय सुनुवाई गरी सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त भएका न्यायाधीशहरुलाई स्थायी वा अस्थायी न्यायाधीशमा नियुक्ति गर्दा पुनः संसदीय सुनुवाई गर्न आवश्यक छ छैन, व्यवस्थापिका संसद नरहेको बर्तमान

